नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- ०८२/८३

चलानी नं.:- १००

## सार्वजनिक सूचना

(भवन तथा अन्य संरचना खाली गर्ने सम्बन्धमा)

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/२२

नेपाल सरकारद्वारा मिति २०८३/०१/२० गते प्रकाशित नेपाल राजपत्र, संवत् २०८३ सालको अध्यादेश नं. ०७ "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" बमोजिम निजामती सेवा ऐन, २०४९ अन्तर्गत रहेको निजामती कर्मचारीहरूको ट्रेड युनियन सम्बन्धी व्यवस्था खारेज भएको व्यहोरा विदितै छ।

साविकमा राष्ट्रियस्तरका ट्रेड युनियनको हैसियतमा रहेका तपसिल अनुसारका निजामती कर्मचारीहरू सम्बद्ध युनियन तथा संगठनहरुले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८/०३/०१ को निर्णयानुसार नेपाल सरकारको स्वामित्वमा रहेको जग्गाको भोगाधिकार प्राप्त गरी भवन तथा अन्य संरचना निर्माण गरी उपयोग गर्दै आएकोमा "त्यस्ता ट्रेड युनियनहरुको निजामती सेवा ऐन बमोजिमको अस्तित्व समाप्त भएमा प्राप्त जग्गाको भोगाधिकार समाप्त हुने" गरी निर्णय भएको तथा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका पञ्जिकाधिकारीको मिति २०८३/०१/२३ को निर्णय बमोजिम राष्ट्रियस्तरका निजामती कर्मचारी ट्रेड युनियनहरूको दर्ता खारेज भएको हुँदा यस मन्त्रालयको मिति २०८३/०३/२२ को निर्णयानुसार तपसिल बमोजिमका साविकका युनियन/संगठन/संघ/मञ्चहरुले सरकारी जग्गा भोगाधिकार प्राप्त गरी सो जग्गामा निर्माण गरेको भवन तथा अन्य संरचना र बहालमा दिएको भए सो समेत यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिन भित्रमा पूर्णरुपमा खाली गराई कागजात, सम्पत्तिको जिम्मेवारी र भवनको तालाचाबी यस मन्त्रालयको आन्तरिक व्यवस्थापन महाशाखामा बुझाउन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। उक्त म्याद भित्र खाली नगरे, नगराएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वद्ध सबैलाई सूचीत गरिएको छ।

२०८३/०३/२२

(विवेक विडारी)

शाखा अधिकृत

तपसिलः

१) स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, दर्ता नं. ५७०

२) नेपाल मधेशी निजामती कर्मचारी मंच दर्ता नं. २३१

३) नेपाल निजामती कर्मचारी संगठन दर्ता नं. २१४

४) नेपाल निजामती कर्मचारी युनियन दर्ता नं. २१५

५) नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन दर्ता नं. २२१

६) एकीकृत सरकारी कर्मचारी संगठन नेपाल दर्ता नं. ५२३

७) नेपाल स्वास्थ्यकर्मी संघ दर्ता नं. २७२

८) मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल दर्ता नं. २८४